# नगर प्रमुख श्री बिष्णु प्रसाद भुसालद्वारा १७ औं नगर सभाको अधिवेशनमा प्रस्तुत नीति तथा कार्यक्रम

## आ.व.२०८२/०८३

## कावासोती नगरपालिका

## २०८२ आषाढ १० गते मंगलबार

**नगर प्रमुख श्री विष्णु प्रसाद भुसालबाट मिति २०८२ साल असार १० गते मंगलबारका दिन १७ औ नगर सभाको अधिवेशनमा प्रस्तुत आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम**

नगर सभाका उपाध्यक्ष महोदय

नगर सभाका सदस्यहरु

प्रमुख प्रशासकीय अधिकृत ज्यू

राष्ट्रसेवक कर्मचारीहरु

पत्रकार मित्रहरु

सर्वप्रथम, नगर सभाको १७ औ अधिवेशन समक्ष आगामी आर्थिक वर्ष २०८२/०८३ को बार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु। यस महत्वपूर्ण घडीमा मुलुकमा नागरिक सर्वोच्चता, शासन प्रणाली, सामाजिक रुपान्तरण र अग्रगमनका लागि भएका ऐतिहासिक जन आन्दोलन तथा बलिदानीपूर्ण संघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात-अज्ञात शहीदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु। यसै नगरपालिका वडा नं १ का वडा अध्यक्ष तवारक अहमद मिया को दुखद निधनले हामीलाई स्तव्द बनाएको छ। उहाँको असमायिक निधनले नगरपालिका परिवारमा अपूर्णीय क्षति पुगेकोछ। उहाँले वडा तथा समग्र नगरको विकास पुऱ्याउनु भएको योगदान सदैव स्मरणीय रहनेछ। यस कठिन घडीमा हामी उहाँ प्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दै शोक सन्तव्द परिवार प्रति गहिरो समवेदना व्यक्त गर्दछौ। साथै मुलुको सर्वभौमिकता, स्वाधीनता र स्वाभिमानको रक्षा गर्दै राष्ट्र निर्माणको लागी संघर्ष गर्नुहुने जनआन्दोजनका घाइते तथा बेपत्ता नागरिक एवम् अन्य सम्पूर्ण नेपाली नागरिक र नेतृत्व गर्नु हुने आदरणीय अग्रज व्यत्तित्वहरुमा हार्दिक कृतज्ञता व्यक्त गर्न चाहन्छु।

कावासोती नगरलाई समृद्ध बनाउन **"कृषि, शिक्षा, स्वास्थ्य, पर्यटकीय शहर: पूर्वाधारयुक्त औद्योगिक समुन्नत कावासोती नगर"** भन्ने दीर्घकालिन सोचका साथ आर्थिक, सामाजिक, साँस्कृतिक, राजनीतिक र पर्यावरणीय विकासको लागि मन, बचन र कर्मले अघि बढ्न प्रतिवद्ध र कटिवद्ध रहेका छौ।

स्थानीय सरकारको नेतृत्वको हैसियतले हाम्रो पहलमा संघ र प्रदेश सरकारको समेत समन्वय, सहजीकरण एवम् साझेदारीमा नगरको समग्र विकासमा तत्कालीन र दीर्घिकालीन महत्त्वका विभिन्न आयोजना तथा परियोजनाहरु अघि बढेको हामी सबैलाई विदितै छ।

अब म आगामी आर्थिक वर्ष २०८२/०८३ को नीति तथा कार्यक्रम यस गरिमामय नगरसभाको अधिवेशनमा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## शहरी पुर्वाधार विकास

- नगर यातायात गुरुयोजना (Municipal Transport Master Plan) कार्यावन्यनमा ल्याइएको छ। सोहि अनुसार प्राथमिकिकरण गरिएका सडकहरुको विस्तार एवम् स्तरोन्नति गर्ने कार्यलाई निरन्तरता दिइनेछ। नगर रणनीतिक सडकहरुलाई फुटपाथ, साइकल ट्र्याक र वातावरण मैत्री सडक निर्माण गर्न संघीय सरकार प्रदेश सरकार संगको सहकार्यमा अगाडी बढाइनेछ । नगरपालिकाको मुख्य शहरी क्षेत्रमा सडक कालोपत्रेसँगै सतह ढल निर्माणको नीति लिइने छ।
- संरचना अभिलेखीकरणलाई निरूत्साहित गर्दै भवन निर्माण संहितालाई कडाईका साथ कार्ययान्वयन गरी सबैखाले घर, टहरा निर्माण कार्यलाई नियमन गरी नक्सापासको दायरामा ल्याइनेछ। नक्सापास गरेर मात्र सेवाग्राहीलाई विद्युत, खानेपानी लगायतका सेवा उपलब्ध हुने व्यवस्था कार्यान्वयनमा ल्याइने छ।
- संघीय सरकार तथा दातृ निकायहरुसंगको सह-लगानीमा नगरभित्रका मुख्य शहरी क्षेत्रमा प्रशोधन सहितको ढल निकास र नगरभित्र संचालित अधुरा खानेपानी आयोजनाको निर्माण सम्पन्न गर्ने गरि **एकीकृत शहरी खानेपानी तथा ढल व्यवस्थापन आयोजना** संचालनमा ल्याई सम्पूर्ण नगरबासिका लागि शुध्द पिउने पानीको सुनिश्चिता गरिने छ।
- नगरपालिका क्षेत्रभित्र रहेका सरकारी कार्यालयहरूको भवन तथा संरचना निर्माण गर्दा अनिवार्य नक्शापास गर्नुपर्ने व्यवस्था गरिनुका साथै पुराना सरकारी संरचनाहरूको अभिलेख राखी राजश्वको दायरामा ल्याइने छ।

- नगर गौरवका आयोजना सम्पन्न गर्न सरोकारवाला निकायहरु दातृ निकाय, संघिय तथा प्रदेश सरकार संगको सहकार्य, समन्वयमा पारदर्शी रुपमा योजना कार्यान्वयन र व्यवस्थापन गरिनेछ।
- उर्जामैत्री भवन निर्माणको नीति लिइनेछ। उर्जा मैत्री घर निमार्ण गर्ने कार्यलाई प्रोत्साहित गरिनेछ साथै वडा कार्यालय भवन निर्माण बाँकि रहेका वडा हरु ६, १३ र १७ मा आधुनिक, अपाङ्ग तथा बालमैत्री सहित सुविधा सम्पन्न वडा कार्यालय भवन निर्माण गरिनेछ। वैकल्पिक उर्जा प्रवद्धन केन्द्रको सहकार्यमा सहुलियत दरमा विद्युतीय चुलो तथा सुधारिएको चुलो उपलब्ध गराइनेछ।
- नगरपालिकाको भौतिक एव सामाजिक सेवालाई अपाङ्ग तथा बालमैत्री बनाइनदै लगिनेछ। त्यस्तै, सडक फुटपाथ तथा जेब्राक्रसिङ्गहरुमा सङ्केत युक्त टायल लगाउने अभ्यास प्रारम्भ गरिनेछ।
- नमुना सदरमुकाम क्षेत्रमा नगरपालीकालाई प्राप्त ३ विगाहा र वार्ड न ३ वार्ड कार्यालयको १ विगाहा गरि नगरपालिका भवन निर्माणका लागि ४ विगाहा क्षेत्रफल स्थानमा कम्पाउण्ड गर्ने नीति रहेको छ।
- कावासोती नगरपालिकाभित्र पर्ने केरुङ्गे खोलाको किनारामा वडा नं. १ देखि १५ सम्मको क्षेत्रलाई तटबन्धन गरी, खोलाको किनारामा हरियाली क्षेत्र (ग्रीन बेल्ट) निर्माण गर्ने, साइकल लेन, फुटपाथ सहितको कोरिडोर मार्ग निर्माण गर्नका लागि नेपाल सरकार तथा दातृ निकायको सहयोगमा कार्य अगाडी बढाइनेछ भने बाँकी रहेको जमिनलाई व्यावसायिक प्रयोजनमा उपयोग गर्न सकिने गरी योजना तयार गरिनेछ। उक्त खोलाको बाढीजन्य जोखिम न्यूनीकरण तथा समुचित व्यवस्थापनका लागि राष्ट्रपतिको चुरे संरक्षण कार्यक्रम र नेपाल सरकारसँग समन्वय गर्दै नदीजन्य सामाग्रीको वैज्ञानिक तथा वातावरणमैत्री रूपमा उत्खनन गरिने नीति अवलम्बन गरिएको छ।

## वन, वातावरण तथा विपद व्यवस्थापन

- कावासोती नगरपालिकाको फोहरमैला व्यवस्थापनलाई संघ प्रदेशसंगको सहकार्यमा नयाँ प्रक्रियाबाट अगाडी बढाई व्यवस्थित भौतिक संरचना निर्माण गरिनेछ।
- फोहरलाई पुन प्रयोग र प्रशोधन गर्न स्रोतमा नै वर्गीकरण गर्ने व्यवस्था मिलाइनेछ। कुहिने फोहरलाई घरमानै जैविक मल बनाउन प्रोत्साहन गरिनेछ। जसको लागि आवश्यक प्राविधिक सहयोग उपलब्ध गरिनेछ।
- फोहोरमैलाको दीगो व्यवस्थापनका लागि लगानी मैत्री वातावरण सिर्जना गर्न सार्वजनिक निजी साझेदारी (PPP) मोडेलमा सहकार्य गर्ने प्रक्रियालाई अगाडि बढाइने छ। स्थानीय बातावरण मैत्री कार्यक्रमको सुरुवात गरिनेछ।
- विपद व्यवस्थापनको लागि आपतकालिन कार्य संचालन केन्द्र स्थापना गरिनेछ। विपद प्रतिकार्य योजना निर्माण तथा विपदमा प्रयोग हुने सामाग्रीको व्यवस्थित भण्डारण गरिनेछ।
- कावासोती नगरपालिका वडा नं ४ मा भूमिहिन दलित, भूमिहिन सुकुम्वासि र अव्यवस्थित बसोबासीको लालपुर्जा वितरण कार्य शुरुवात गरिएको छ। बाँकी वडाहरुमा समेत क्रमश सम्पन्न गर्ने लक्ष्य लिइएको छ।
- मध्यवर्ति क्षेत्रका भूमिहिन दलित, भूमिहिन सुकुम्वासि र अव्यवस्थित बसोवासीहरुको समस्या समाधानका लागि नेपाल सरकार, मध्वर्ति कार्यालय, प्रकृति संरक्षण कोषसंग सहकार्य गरि वडा नं ७, १०, ११, १२, १३, १४, १५ र १७ जग्गा नाँप जाँप प्रक्रिया अगाडी बढाउन गरिएको पहललाई निरन्तरता दिइनेछ।
- शिव सामुदायिक पार्कको स्वीकृत संशोधित गुरुयोजना अनुरुप नगरस्तरीय एकिकृत पार्कको विकास गरी भौतिक संरचनाको निर्माण कार्य गरिनेछ।
- सघन शहरी कार्यक्रमबाट पोखरीतालको भौतिक संरचना निर्माण कार्य भैरहेकोमा संघीय तथा प्रदेश सरकारको समन्वयमा पोखरी ताल तथा टरुवाताललाई थप व्यवस्थित र सौन्दर्यकरण गरिने नीति लिइएको छ।
- आर्थिक रुपले कमजोर नागरिकलाई सुरक्षीत, सुलभ र सम्मानजनक आवस सुनिश्चित गर्न विपन्न आवास कार्यक्रम संचालन गरिनेछ।
- कृर्षि क्षेत्रको खण्डिकरणलाई निरुत्साहित गर्न नगरको पुर्व स्वीकृत तथा अनुमति विनाको प्लटीङ्ग कार्यलाई निरुत्साहित गर्ने नीति लिइनेछ।

- आवधिक विकास योजना अनुसार विकास निर्माणका कार्यक्रमहरु संचालन गरिनेछन्। नगर आयोजना बैक (Project Bank) को स्थापना गरी क्रमश कार्यान्वयन गर्दै लगिनेछ। नगर भित्र भएका पुर्वाधार विकास लगायतका कार्यको अभिलेखिकरण गर्ने कार्यलाई थप व्यवस्थित गरिनेछ। नगर भित्रका ताल, तलैया, खोलानाला, सिमसार क्षेत्र तथा सार्वजनिक जग्गाहरुको संरक्षण गरि बहुउपयोग मार्फत नगरवासीको जिविकोपार्जनमा योगदान पुर्याउने कार्यक्रम संचालन गरिनेछ।
- केरुङ्गे खोला , पत्थर खोला गिट्टी बालुवा उत्पादन व्यवस्थापन र बेच विखन गरि कानून अनुसार बाँडफाँड हुने व्यवस्था गरि उत्खनन् संकलन गर्न राष्टपति चुरे संरक्षण, गण्डकी प्रदेश, नगर विपत तथा जिल्ला विपतसंग सैद्धान्तिक सहमति सहित कार्य अगाडी बढाइनेछ।
- कावासोती नगरपालिका भित्र अटो पार्किङ्गको लागि क्षेत्र निर्धारण गरी अटो दर्ता तथा नियमन कार्यलाई अगाडी बढाइनेछ। निर्माणाधिन पुर्व पश्चिम सडकको बीच भाग र भित्री सडकको दुवै तर्फ बहुवर्षिय फुल तथा वृक्षारोपण गरीनेछ। पूर्व पश्चिम राजमार्गको अतिआवश्यक स्थानमा सडक हस्तान्तरण पश्चात् आकासे पुल निर्माण गरी दुर्घटना न्यूनिकरण गरीनेछ।
- पुर्व पश्चिम राजमार्गमा दुर्घटना न्यूनिकरण तथा सुरक्षाको लागि सडक बत्ति र सि.सि. क्यामरा जडान गरीने छ

## शिक्षा, युवा तथा खेलकुद

- कक्षा नर्सरीदेखि १० सम्मका विद्यार्थीहरुलाई नेपाली र अङ्ग्रेजी माध्यमका पाठ्यपुस्तक नि:शुल्क रुपमा उपलब्ध गराउने नीतिलाई निरन्तरता दिइनेछ।
- शैक्षिक बर्ष २०८१ मा गरिएको कक्षा ५ को सिकाइ उपलब्धी परीक्षण नतिजा प्रतिवेदनका आधारमा प्राथमिक तहको नतिजा सुधारका लागि विद्यालय भौतिक पुर्वाधार, शिक्षकको पेशागत क्षमता विकास, शैक्षिक सामाग्री, अभिभावक सचेतना, शिक्षक तथा विद्यार्थी प्रोत्साहनमा जोड दिने गरी तीन वर्षे प्राथमिक तह सुधार सघन कार्यक्रमलाइ थप प्राथमिकताका साथ गरिनेछ।
- विषेश शिक्षा सञ्चालित विद्यालयका कक्षा, आवास, शिक्षक क्षमता विकास, विद्यार्थीलाई आवश्यक पाठ्यपुस्तक तथा सन्दर्भ सामग्रीको उपलब्धता तथा सहज सिकाइ वातावरण निर्माणका लागि निरन्तरता दिइनेछ।
- राष्ट्रपति खेललाई नगरको गरिमाको रुपमा सञ्चालन गर्न थप प्राथमिकता दिइनेछ। नगरमा सञ्चालन हुने राष्ट्रपति लगायत विभिन्न खेलकुद प्रतियोगिता सकेसम्म सबै विधाहरु समेट्ने गरी सञ्चालन गरिनेछ। खेलकुद क्यालेण्डर निर्माण गरी समयवद्ध रुपमा खेलकुद सञ्चालन गरिने छ। आधारभूत विद्यालय तहदेखि नै उमेर समूह अनुसार खेल सञ्चालन गर्ने नीतिलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै लगिनेछ।
- सामाजिक गणित र विज्ञान विषयको नतिजामा सुधार ल्याउन पठन पाठन विधि, पुर्वाधार, मुल्याँकन अभ्यास, शैक्षिक सामाग्री, विषयगत शिक्षकको व्यवस्थापन तथा क्षमता विकास एवम् विद्यार्थी शिक्षक प्रोत्साहनका कार्य मार्फत देखिने गरी सुधारका कार्यमा निरन्तता दिइनेछ।
- राष्ट्रिय तथा प्रादेशिक मापदण्डको सापेक्षतामा नगरले विद्यालय समायोजन कार्यविधि निर्माण गरी सामुदायिक विद्यालयहरु मर्ज गरिनेछ । विद्यालय वर्गीकरण कार्यलाई प्राथमिकता साथ कार्यान्वयन गरिनेछ। संस्थागत तथा सामुदायिक विद्यालयहरुले लिने र पाउने सुविधाहरु यसकै आधारमा हुनेछ।
- एक विद्यालय एक विषयगत ल्याव निर्माण गर्न, संघ र प्रदेशबाट स्टिम ल्याव निर्माण गर्न वजेट नपरेका विद्यालयहरुलाई प्राथमिकता रहने गरी माध्यमिक र आधारभूत तहलाई वजेटको व्यवस्था गर्दै लगिने नीतिको कार्यान्वयनमा जोड दिइनेछ।
- नगरभरीका सामुदायिक विद्यालयका बाबुनानीलाई समय तालिका अनुसार सिकाउने गरी गायन, नृत्य, चित्रकला, खेल र स्थानीय पेशा व्यवसायको सीप भएका जनशक्तिलाई करार तथा अतिथि प्रशिक्षकको रुपमा परिचालन गर्ने अभ्यास गर्न प्राथमिकता दिइ क्रमिक रुपमा कार्यान्वयन गरिनेछ।
- विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थासँग सहकार्य गरी सिकेका असल अभ्यासलाई अवका दिनमा अपनत्व ग्रहण गरी अगाडि बढाइनेछ।
- विद्यार्थी संख्याको आधारमा दरबन्दी मिलान गरी शिक्षकहरुको व्यवस्थापन गर्ने कार्यलाइ स्वचालित बनाईनेछ।

- सिकाई उपलब्धी बढाउन शिक्षक क्षमता विकास, परीक्षा र मूल्याँकनका अभ्यासमा थप सुधार गर्दै लगिनेछ।
- शिक्षा तर्फका संघीय र प्रादेशिक सशर्त कार्यक्रमलाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ।
- प्र.अ. व्यवस्थापन र एउटै विद्यालयमा पाँच वर्ष वा सो भन्दा बढी सेवा गरेका शिक्षकहरुको सरुवा गर्ने नीतिलाई कार्यान्वयन गर्न प्राथमिकता दिइनेछ।
- शैक्षिक गुणस्तर अभिवृद्धिका लागि कक्षाकोठा भित्र सिकाई केन्द्रीत क्रियाकलाप सञ्चालन गर्न सो कार्यको नतिजामूलक अनुगमन गर्न प्रधानाध्यापक मार्फत साप्ताहिक रुपमा गरिने अनुगमन कार्यलाई थप प्रभावकारी बनाउने।
- विद्यालय नर्स कार्यक्रमलाई शुरुवात गर्न यस वर्षबाट एक हजार विद्यार्थी वा सो भन्दा बढी विद्यार्थी भएका विद्यालयहरुमा विद्यालय नर्स कार्यक्रम सञ्चालन गरिने छ र अन्य विद्यालयमा पायक पर्ने र अन्य स्वास्थ्य संस्थाहरुसँग सहकार्य गरी विद्यार्थीहरुको नियमित स्वास्थ्य परीक्षण कार्यक्रम अगाडि बढाइनेछ।
- नगर भित्रका परम्परागत विद्यालयलाई प्रोत्साहन एवम् प्रबर्धन गर्दै संरक्षणको नीतिलाई कार्यान्वयनमा जोड दिइनेछ।
- पठन संस्कृतिको विकास गर्न सामुदायिक पुस्तकालयको व्यवस्थापन र प्रयोगमा जोड दिइनेछ।
- मानसिक स्वास्थ्य बिना शारीरिक स्वास्थ्य अपूर्ण रहने भएकाले शिक्षक, विद्यार्थी, अभिभावक लक्षित योगा तथा ध्यान कार्यक्रम एवम् स्वव्यवस्थापन कार्यक्रम सञ्चालन गरी संतुलित जीवन व्यवस्थापनको ज्ञान र सीप दिइने गरी कार्यक्रम सञ्चालन गरिनेछ।
- यूवामैत्री स्थानीय सरकारकको मर्म अनुसार कार्य गर्न क्रमिक रुपमा प्राथमिकताका कार्यहरु गर्न जोड दिइनेछ।
- विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघलाई शैक्षिक विकास र व्यवस्थापन सन्दर्भमा समन्वयात्मक तथा नतिजामूलक कार्य गर्न अभिमुखीकरण कार्यक्रम बहुसरोकारवाला निकाय विच समन्वयमा गरिनेछ।
- दिवा खाजा, मनोरम विद्यालय वातावरण र आधुनिक कृषि प्रणालीको सिकाइलाई लक्षित विद्यालय करेसावारी कार्यक्रमलाई निरन्तरता दिइनेछ।
- "**आविष्कार र उत्पादनको जग मेरो विद्यालय**" कार्यक्रम सञ्चालन गरी विज्ञान विषय सिकाइलाई उत्पादन र नवप्रवर्तनसंग जोडी सिकाइलाई थप प्रभावकारी बनाईनेछ।
- अनिवार्य तथा निशुल्क शिक्षा सम्बन्धी कार्य योजना कार्यान्वयन गर्न विद्यालय वाहिर रहेका वालवालिकालाई विद्यालयमा ल्याउन सामुदायिक अध्ययन केन्द्र समेतलाई परिचालन गरी कार्यक्रम कार्यान्वयन गरिनेछ।
- विद्यार्थीको प्रतिभा प्रस्फुटन कार्यमा सहयोग पुर्याउन **नगरका कोपिला**को प्रकाशनलाई निरन्तरता दिइनेछ। नगर भित्रका शैक्षिक संस्थामा अध्ययनरत वा कावासोतीमा स्थायी वासिन्दा रहि नगर वाहिरका शैक्षिक संस्थामा अध्ययनरत सबै विद्यार्थीहरुको विशेष प्रतिभालाई सम्मान र प्रोत्साहन गरिनेछ।
- स्थानीय यूवा क्लबहरुलाई नगरमा आवद्ध गर्दै यूवा तथा सामाजिक सरोकारका विषयमा सक्रिय बनाउन सहोग पुर्याइनेछ। खेलकर्मीहरुलाई व्यवसायिक र प्रोत्साहित बनाउन क्षमता विकास, अवसरको सिर्जना र सम्मन तथा उत्प्रेरणात्मक कार्यक्रमहरुमा सञ्चालन गर्न जोड दिइनेछ।
- परम्परागत तथा स्थानीय खेलको संरक्षण गर्ने नीतिलाई कार्यक्रम मार्फत संबोधन गरिनेछ।

## स्वास्थ्य

- नेपालको संविधान २०७२ ले सम्पूर्ण नागरिकको लागि आधारभूत स्वास्थ्यलाई मौलिक अधिकारको रुपमा प्रत्याभूत गरेको र जनस्वास्थ्य सेवा ऐन २०७५ ले आधारभूत स्वास्थ्य सेवालाई निःशुल्क हुनुपर्ने व्यवस्था गरे अनुरुप आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने एकल अधिकार मूलतः अभिभारा स्थानीय सरकारलाई भएकोले वडाहरुमा रहेका स्वास्थ्य चौकी,आधारभूत स्वास्थ्य सेवा केन्द्र र आयुर्वेद स्वास्थ्य केन्द्र मार्फत आबस्यक जनशक्ति तथा औषधि उपकरणको ब्यबस्था गरि आधारभूत स्वास्थ्य सेवा निशुल्क प्रदान गरिनेछ।

- स्वास्थ्य सेवा प्रदान गर्ने संस्थाहरुको नेपाल सरकारले तोकेको न्युनतम सेवा मापदण्ड बमोजिम स्तरोन्नतिका कार्यहरु संचालनमा ल्याईनेछ । आमा स्वास्थ्य कार्यक्रम तथा महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- मानसिक स्वास्थ्य, क्यान्सर,उच्चरक्तचाप तथा मुटुरोग,दिर्घ स्वाशप्रश्वास सम्बन्धि रोग,मधुमेह तथा अटिजम  जस्ता रोगहरुको रोकथाम सम्बन्धी सचेतना, स्क्रिनिंग  र उपचार सेवाको ब्यबस्था गरिनेछ ।
- जेष्ठ नागरिक स्वास्थ्य कार्यक्रम अन्तर्गत जेष्ठ नागरिकलाई घरैमा स्वास्थ्य परिक्षण गर्ने र आवश्यक मनोसामाजिक परामर्श प्रदान गरिनेछ । साथै परिवार स्वास्थ्य हेरचाह कार्यक्रम संचालन गरिनेछ ।
- समुदायमा कोभिड-१९, डेंगु लगायतका सरुवारोगहरुको प्रकोपलाई रोकथाम तथा नियन्त्रण गर्न आबश्यक ब्यबस्था मिलाइनेछ ।
- गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्यकर्मीहरुको समय सापेक्ष क्षमता अभिवृद्धि गरिनेछ। समुदायस्तरमा स्वस्थकर जीबनयापनका लागि आबस्यकता अनुरुप जनचेतना मुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- समुदायमा सुरक्षित सुत्केरी सम्बन्धी चेतना अभिवृद्धि गर्न तथा संस्थागत डेलिभरी संख्या वृद्धि गरि आमा र बच्चाको स्वास्थ्य सुधार गर्न  Zero Home delivery कार्यक्रमलाई संचालनमा ल्याईनेछ । पांच वर्ष मुनिका बालबालिकाहरुको पोषण लेखाजोखा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।
- सिकलसेल तथा थालासेमियाका बिरामीहरुलाई दिदै आएको उपचार राहत तथा यस सम्बन्धी  सचेतना कार्यक्रमलाई  निरन्तरता दिईने छ ।
- निजि स्वास्थ्य सेवा प्रदायक संस्थाहरुको सेवालाई गुणस्तरीय बनाउन क्षमता अभिबृद्धि,अनुगमन तथा सुपरिबेक्षण कार्यक्रम संचालन गरिने छ | परिवार स्वास्थ्य हेरचाह तथा स्याहार सम्बन्धी कार्यक्रम  सुरुवात गरिनेछ ।
- खाद्य तथा पोषण अवस्थाको सुधारका लागि सामाजिक व्यवहार परिवर्तनसंग सम्बन्धित क्रियाकलापलाई प्राथमिकता राखिनेछ  ।
- चर्को समस्याको रुपमा देखिएको र निरंतर बढ्दै गइरहेको मानसिक स्वास्थ्यको समस्या, नसर्ने रोगहरु जस्तै उच्च रक्तचाप, मधुमेह, क्यान्सर, अल्जाइमर्स, डिप्रेशन आदिको उपचार तथा रोबचामका लागि विभिन्न उपचारात्मक तथा निरोधात्मक कार्यक्रमहरु संचालनमा ल्याइनेछ।
- संघीय सरकारको सहकार्यमा शिवमन्दिर स्वास्थ्य चौकि भवन निर्माण कार्य सम्पन्न भई कार्यालय स्थानान्तरण भई सकेको हुदाँ थप औजार उपकरण सहित विशेषज्ञ सेवा तथा बर्थिङ्ग सेन्टरको रुपमा उत्कृष्ट सेवा संचालन गरिनेछ ।
- नगरपालिका र अन्तर्गत कार्यरत करार दरवन्दीमा रहेका कर्मचारीहरुलाई प्रोत्साहन गरिनेछ । स्वास्थ्य तर्फको दरवन्दी मिलानको लागि ओ. एन. एम. प्रक्रिया अगाडी बढाइनेछ ।

## महिला, बालबालिका तथा समाजकल्याण

- नगरपालिकाबाट लक्षित समुदायका महिला, आदिवासी जनजाती ,दलित, सिमान्तकृत समुदायका महिला, द्धन्द्धपिडित/प्रभावित र एकल महिला अपाङ्गता भएका व्यक्ति र ज्येष्ठ नागरिकलाई प्राथमिकता दिइ सेवा प्रवाह गरिनेछ।
- लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलता अभियानलाई निरन्तरता दिइनेछ। लैङ्गिक तथा यौन हिंसामा परेका महिलाहरुको उद्धार संरक्षणको लागि संचालित अल्पकालिन आश्रय सहितको सेवा केन्द्र संचालन तथा व्यवस्थापनको लागि बजेट विनियोजन गरिएको छ । सेवा केन्द्र संचालनका लागि विभिन्न पालिका तथा सरोकावाला निकायसँग समन्वय गरिनेछ । हिंसा पीडितका लागि न्यायिक उपचार पुर्नस्थापना र पारिवारिक पुनर्मिलनको व्यवस्था मिलाइनेछ।
- लैङ्गिक हिंसा निवारणका लागि समुदायमा, सचेतनामूलक कार्यक्रम र द्धन्द्धपिडित/प्रभावित महिला बालिकालाई सशक्तिकरण सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।
- अपाङ्गता भएका व्यक्तिहरुलाई अपाङ्गता परिचयपत्र वितरण तथा व्यवस्थापनलाई निरन्तरता दिइनेछ । अपाङ्गता भएका व्यक्तिहरुको लागि लक्षित शसक्तिकरण र उनीहरुको सुरक्षित, सन्मानित तथा मर्यादित जीवनको लागि आवस्यक विभिन्न शिपमुलक

तथा स्वरोजगगारयुक्त कार्यक्रमहरु संचालनमा ल्याइने छ । विभिन्न सरकारी निकाय र संघसंस्थाहरुसगको सहकार्यमा त्यस्ता व्यक्तिहरुको लागि आवस्यक सहायता सामाग्रीहरु निशुल्क उपलब्ध गराउँदै लगिनेछ ।

- ज्येष्ठ नागरिकहरुको हक अधिकार संरक्षणको लागि ज्येष्ठ नागरिक सम्मान तथा अन्तरपुस्ता सीप हस्तान्तरण कार्यक्रम संचालन गरिनेछ ।
- बालमैत्री स्थानीय कार्यक्रम अन्तर्गत बालमैत्री स्थानीय शासन कार्यक्रम कार्यान्वयन निर्देशिका,२०७८ बमोजिमका कार्यक्रमहरु कार्यान्वयन गरी क्रमैसँग कावासोती नगरपालिकाको वडाहरुलाई बालमैत्री वडा घोषणा गरी कावासोती नगरपालिकालाई बालमैत्री नगरपालिका बनाउन कार्यक्रम संचालन गरिनेछ ।
- बाल विवाह नियन्त्रण र लागु औषध दुर्व्यसन विरुद्ध, विद्यालय वरिपरि जथाभावी मदिराजन्य पदार्थ विक्रीलाई नियन्त्रण सम्बन्धी सचेतनामुलक कार्यक्रम संचालन गरिनेछ ।
- आर्थिक अवस्था कमजोर तथा अनाथ बालबालिकालाई शिक्षामा निरन्तरता दिन छात्रवृत्तिको व्यवस्था गर्न पहल गरिनेछ।
- बालबालिकालाई तनाव व्यवस्थापन तथा सकारात्मक सोच विकास सम्बन्धी कार्यक्रम संचालन गरिनेछ ।
- एकल महिला, दलित तथा पिछडावर्गको शिक्षा, स्वास्थ्य, खानेपानी, आय आर्जनमुलक कार्यक्रम तथा रोजगारीमा सरल पहुंचको अवस्था विकास गर्नका लागि यस क्षेत्रमा सक्रिय तथा कार्यरत विभिन्न संघसंस्थाहरुसगको समन्वयमा आबस्यक कार्यक्रमहरु संचालन गरिनेछ।
- समाजको निधि तथा अनुभवको विशाल भंडारको रुपमा रहेका जेष्ठ नागरिकको जीबनलाइ थप सहज र सरल बनाउन विभिन्न विशेषज्ञ चिकित्सक मार्फत मुटु, मृगौला, आँखा, कान र दाँतका शिविरहरु स्थानीय पालिका भित्रै संचालन गरिनेछ। यसको लागि विभिन्न अस्पतालहरु, जेष्ठ नागरिकका क्षेत्रमा कार्यरत विभिन्न संघसंस्थाहरु तथा स्थानीय तहमा कार्यरत विभिन्न सामाजिक संघसंस्थाहरुसग समन्वय तथा सहकार्य गरिनेछ। जेष्ठ नागरीकहरुको मासिक घरदैलो स्वास्थ्य परिक्षण कार्यक्रम संचालन गरीनेछ ।
- एकल महिलाको शसक्तिकरण र समाजमा उनीहरुको सुरक्षित, सन्मानित तथा मर्यादित जीवनको लागि आवस्यक विभिन्न शिपमुलक तथा स्वरोजगगारयुक्त कार्यक्रमहरु संचालनमा ल्याइने छ ।
- पालिकाको समस्याको रुपमा देखिएको छोड्वा गाई तथा अन्य छाडा चौपायको व्यवस्थापनका लागि गौशाला निर्माण तथा व्यवस्थितिकरणको नीति लिइनेछ ।
- लोपोन्मुख अवस्थामा रहेका परम्परागत काम तथा शिपहरुको पुस्तान्तरणका लागि आवस्यक कार्यक्रमहरु संचालनमा ल्याइने छ ।

## सामाजिक सुरक्षा

- सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको नविकरण तथा नयाँ निवेदन दर्ता गर्दा राष्ट्रिय परिचय पत्रमा आधारित Biometric verification अनिवार्य गरी सामाजिक सुरक्षा भत्तामा रहेको चुहावट कमि तथा पारदर्शीता कायम गरिने छ।
- सामाजिक सुरक्षा भत्ता तथा दर्तालाई थप व्यवस्थित, प्रविधिमैत्री बनाउँदै लगिने छ ।
- पञ्जीकरण सम्बन्धी अभिमुखीकरण तथा क्षमता विकासका कार्यक्रमहरु गरिने छ ।
- १७ वटै वडामा घटना घटेको ३५ दिन भित्र तथा छुटेका व्यक्तिगत घटना दर्ता गर्न अभिमुखीकरण कार्यक्रम गरिनेछ ।

## कृषि

- कृषि क्षेत्रबाट फलफूल तरकारी उत्पादन तथा भण्डारणको लागि चिस्यान केन्द्र स्थापनाको लागि गण्डकि प्रदेश सरकार तथा संघिय सरकार संगको सहकार्यमा फलफूल तथा कृषि उपज बाजार व्यवस्थापन समिति वार्ड नम्वर २ को उत्तर तर्फ आवश्यक स्थानमा भवन निर्माणको सैद्धान्तिक सहमती गरिएको छ। यसै आ .व. देखि निर्माण कार्य गरी संचालन गरिनेछ।
- तरकारी तथा फलफुल ढुवानी व्यवस्थापनको लागी यसै आ.व. भित्रमा सवारी साधन खरिद गरि समूहलाई हस्तान्तरण गर्ने नीति रहनेछ ।

- केरुङ्गे खोलामा चेकड्याम निर्माण गरि वार्ड नं ६, ५, २ र ४ मा  सिचाँइ व्यवस्थापन सुदृढ गरि कृषि पकेट क्षेत्र विस्तार गरिनेछ।
- सिचाई बोरिंङ्गमा जडान हुने सिंचाई मिटर अनुदानलाइ निरन्तरता दिइनेछ।
- नगरपालिका भित्रका खेति योग्य जमिनको माटो परिक्षण गरि सुहाउदो बाली लगाउन प्रोत्साहन गरिनेछ।
- कृषि क्षेत्रको आधुनिकीकरण,यन्त्रीकरण,व्यवासायीकारण तथा लागत न्यूनीकरण गर्नको लागि यन्त्र उपकरणमा दिदै आएको अनुदानलाई निरन्तरता दिइनेछ।
- कृषक तथा कृषि समुहलाई कृषि उत्पादनमा प्रविधि प्रसार,रोग निदान,बाली संरक्षण लगायत बिषयमा जानकारी दिनका लागि स्थलगत बाली उपचार सिविरका साथै आकस्मिक बाली संरक्षण कार्यक्रम संचालन गरिनेछ
- खेति बालीमा प्रयोग हुने रासायनिक मल तथा विषादीको प्रयोगलाइ न्यूनीकरण गर्नका लागि आवस्यकता अनुसार गड्यौला, प्रांगारिक तथा जैविक मल उत्पादनलाइ जोड दिइनेछ
- **बाँझो जमिन छैन विकल्प, उत्पादन हो अवको विकल्प** भन्ने नाराका साथ कृषिमा आत्म निर्भर कावासोती वनाउनका लागि कावासोती नगरपालिका भित्र रहेका खेती योग्य जमिनलाई बाझो राख्न नपाइने नीति अगाडी सारीने छ। कृषि शाखाको प्राविधिक अध्ययन र प्रतिवेदन पछि खेतीयोग्य जमिनमा वर्षमा कम्तिमा २ फसल लगाउनुपर्ने गरी अनिवार्य गर्ने कार्यक्रम लागु गरीनेछ।

## सहकारी

- सहकारीको विकासको लागि प्रोत्साहन तथा प्रवद्धन गर्न सम्वन्धित सहकारी संगको समन्वय गरी तालिम र क्षमता अभिवृद्धिका विभिन्न कार्यक्रमहरु ल्याईनेछ।

## राजश्व

- राजश्वको संकलन क्यू. आर कोड नम्वर राखी नगरपालिका भित्र बैक शाखा संचालनमा ल्याइनेछ।
- ब्याबसायिक संस्था दर्ता तथा नबिकरण र राजश्व भुक्तानी प्रणालीलाई सरलता एवं सहजता प्रदान गर्ने अनलाईन भुक्तानी सेवा संचालन गर्ने। दोहोरो तेहोरा दर्ता प्रक्रिया अन्त्य गर्नको लागि हरसंभब उपायहरुको खोजि गरी अबलंबनमा ल्याइनेछ
- पालिका स्थापना दिवसको अबसरमा बिभिन्न बिधामा समाजको सकारात्मक रुपान्तरणमा उल्लेखनीय योगदान पुऱ्याएका कर्मचारी, कृषक, शिक्षक, करदाता, युवा उद्यमी, महिला उद्यमी, सबै भन्दा वढी कर तिर्ने, संचारकर्मी, शिक्ष प्रेमी, तथा संघसंस्थालाई सम्मान गरिनेछ।
- नगरपालिका भित्र स्वीकृत बेगर राखिएको होडिङ्ग बोर्डलाई नियमन गरी राजस्वको दायरामा ल्याइनेछ।

## पशुपन्छी तथा मत्स्य

- माछा विकास र व्यवस्थापन गर्न भुरा उत्पादन क्षेत्रको पहिचान गरि भुरा उत्पादन कार्यको थालनी गरिनेछ।
- पशुजन्य उत्पादन लागत कम गर्न प्रविधिमैत्री पशुपालन, हे साइलेज प्रवर्द्धन कार्यक्रम, निशुल्क पशु औषधी वितरण, थुनेलो र बाझोंपन निवारण कार्यक्रम र महामारीजन्य रोग नियन्त्रणका लागि प्रदेश सरकार सँगको समन्वयमा निशुल्क खोप सेवा उपलब्ध गराईने छ।
- उन्नत नश्लका गाई भैंसीको संख्यात्मक तथा गुणात्मक वृद्धि गर्न उन्नत जातको विज प्रयोग हुने कृत्रिम गर्भाधान कार्यलाई आवश्यक तरल नाईट्रोजन निशुल्क उपलब्ध गराईने छ।
- प्रतिफलमा आधारित दूधमा अनुदान कार्यक्रमलाई व्यवस्थित गरि निरन्तरता दिईने छ।
- पशुपन्छी तथा माछामा हुने जोखिम न्यूनिकरणका लागि पशुपन्छी तथा मत्स्य बिमा र कृषि कर्जामा सहजिकरण गरिनेछ।
- उत्पादनशील बाख्राका जातहरूको संरक्षण र प्रवर्द्धन साथै रोजगारी सिर्जना, आय आर्जन, र पोषणमा सहयोगका  लागि बाख्रा प्रवर्द्धन कार्यक्रम गराईने छ।

- पशुपन्छी तथा मत्स्यपालन व्यवसायलाई आधुनिकिकरण र व्यवसायिकरण गर्न व्यवसायीक फर्महरुलाई सहयोगका लागि ७५ प्रतिशत अनुदानमा यान्त्रिकरण सामाग्री उपलब्ध गराईनेछ।
- छाडा कुकुरको जनसंङ्ख्या घटाउन साथै रेविज रोग नियन्त्रणका लागि टेवा पुर्याउन कुकुरमा बन्धाकरण कार्यक्रम संचालन गराईने छ ।
- पशुपालक कृषकहरुको क्षमता विकास तथा नयाँ प्रविधिको बारेमा जानकारी दिनका लागि विभिन्न किसिमका तालिम, अन्तर्क्रिया, गोष्ठी, दिवस, प्रदर्शनी र अध्ययन अवलोकन जस्ता कार्यहरु सञ्चालन गरिनेछ।
- पशुपन्छी विकास सम्बन्धी सेवाको पहुँच विस्तार गरिनेछ। पशुपन्छी र मत्स्य क्षेत्रको उत्पादन वृद्धि गर्न र पशुधनमा हुने क्षति न्यूनिकरणका लागि उत्पादन धैरै भएका वडामा आधारभूत भेटेरिनरी सेवा उपलब्ध गराउन आवश्यक जनशक्ति व्यवस्थापन गरिने छ ।

## पर्यटन

- स्थानीय पर्यटन प्रवर्धन, दृश्यावलोकन सुविधा सुधार सुरक्षा व्यवस्था र दीगो संचालन सुनिश्चित गर्न भ्यू टावर स्तरोन्नती गरि यसै वर्ष संचालनमा ल्याइनेछ ।
- स्थानीय संस्कृति परम्परा र जीवन शैलीको संरक्षण गर्दै ग्रामीण पर्यटनबाट आम्दानी वृद्धि र रोजगारी सृजनालाई प्रोत्साहन गर्ने उद्धेश्यले होमस्टे सेवा प्रवर्दधन संचालन र व्यवस्थापन गरिनेछ ।
- नगरपालिकाको पर्यटकीय स्थलहरुको पहिचान, पर्यटकीय पूर्वाधारहरुको विकास एवं प्रवर्द्धनका लागि पर्यटन गुरुयोजना (Tourism Master Plan) तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पर्यटकहरुलाई नगर क्षेत्रभित्र रहेका पर्यटकीय स्थल तथा सेवा स जानकारी गराउन पर्यटकीय सूचना केन्द्र (Tourism Information Center) स्थापना गरी जनशक्ति र स्रोतसाधनको प्रबन्ध गरिनेछ । पर्यटन प्रवद्धनका लागि वृत्त चित्र (Documentary) निर्माण गरी प्रदर्शन गरिनेछ । कावासोती नगरपालिका भित्रको पर्यटन गन्तव्यहरुको Apps निर्माण गरी खोजी कार्यलाई सजिलो बनाइनेछ ।
- नगरपालिकाको आर्थिक, सामाजिक विकास र पर्यटन प्रवर्द्धनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय एवं पूँजी र प्रविधिको आदानप्रदान गर्न विभिन्न नगरपालिका, अन्तर्राष्ट्रिय संघ संस्था निकायहरुसँग भगिनी सम्बन्ध विस्तार गरिनेछ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समन्वय र सहकार्यका लागि कार्यविधि बनाई कार्यान्वयनमा ल्याइनेछ ।

## सुचना तथा प्रविधि

- विकास सेवा र कर प्रणालीमा डिजिटल र स्मार्ट कावासोती कार्यक्रम अन्तर्गत जी.आई.एस. (GIS) मा आधारित घर नम्बर प्रणाली (Metric system) तयार गरी घर नम्बर प्लेट जडान गर्ने कार्य अगाडि बढाइने छ ।
- नगरपालिका बाट प्रवाह हुने सार्वजनिक सेवालाई उत्तरदायी, पारदर्शी, जवाफदेही, दिगो एवम् परिणाम मुखी बनाउन सूचना प्रवाहलाई प्रविधिमैंत्री बनाउदै पेपर लेस, फेसलेस (Paper Less, Face Less) बनाइनेछ ।

## शुसासन

- राष्ट्रसेवक कर्मचारीहरुको क्षमता अभिवृद्धिकालागि तालिमको व्यवस्था गरिनेछ ।
- नवलपुर जिल्लामा उपमहानगरपालिका निर्माणका लागि देवचुली, मध्यविन्दु तथा हुप्सेकोट गाँउपालिकाहरुसंग छलफल अगाडी बढाइनेछ ।
- पालिका भित्र रहेका संचारगृहहरुलाई मिडिया प्रवर्द्धन कोष मार्फत प्रवर्द्धन गरीदै लगिने छ तर संचारगृहहरु नेपाल सरकार, स्थानिय सरकारको नीति अनुरुप दर्ता, नविकरण र अनुमति वार्षिक रुपमा हुनुपर्नेछ भने विज्ञापन वोर्डमा सुचिकृत भएको हुनुपर्नेछ ।